# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #१७
माघ, २०७५

सिटिजन हेल्पडेस्क बुलेटिनको सत्रौ अंकमा स्वागत छ। "सिटिजन हेल्पडेस्क", नेपालमा खुला, पारदर्शि र जवाफदेही स्थानीय सरकार निर्माणमा सहयोग गर्ने लक्ष सहित स्थानीय अभियन्ता (Community Frontline Associates) ले नेतृत्व गरेको साझा अभियान हो। यस अभियानले सहभागितामुलक अभ्यास, सामुहिक सिकाई र सहि सूचनालाई केन्द्रमा राखेर सरकार र नागरिक बिचको सम्बन्धलाई विश्वसनिय बनाउने भुमिका निर्वाह गर्दछ। साथसाथै, सरकार र नागरिकसंग समन्वय गरी स्थानीयका आवश्यकता अनि चाहना बमोजिम सार्वजनिक निर्णयहरू तय गर्न पनि सहयोग गर्दछ।

## प्रश्न

**नेपालगञ्ज, बाँके**

"मेरो घर अगाडीको बाटोमा ग्राभेल राख्ने भनेर बजेट छुट्याईएको थियो। ग्राभेल राखियो तर नाम मात्रको। सानो झरी पर्दा नै बगाएर लग्यो। कामको गुणस्तर सुनिश्चित गर्ने कुनै निकाय हुदैन ?"

**धादिङवेशी, धादिङ**

"बजेट आयो त भन्छन्, तर त्यो बजेट सहि ढंगले खर्च भयो कि भएन कसले हेर्छ ?"



**मेलम्ची, सिन्धुपाल्चोक**

"स्थानीय तहमा सञ्चालीत आयोजनाको अनुगमन कसले गर्दछ ?"

## उत्तर


स्थानीय तहमा सञ्चालीत योजनाको लागत परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिन उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा अध्यक्ष वा प्रमुखले तोकेको एक जना महिला सदस्य सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट दुई जना सदस्य र प्रमुख प्रशासकिय अधिकृत सदस्य रहने गरी एक अनुगमन तथा सुपरिवेक्षण समितिको गठन हुन्छ। उक्त अनुगमन समितिले गरेको कामको प्रतिवेदन प्रत्येक महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गर्नु पर्दछ र कार्यपालिकाले, समितिले पेश गरेको प्रतिवेदनका आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरू सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्षलाई निर्देशन दिनु पर्दछ।

त्यसै गरेर, वडा भित्र संचालित योजना अनुगमनको लागि सम्बन्धित वडाका अध्यक्षको संयोजकत्वमा वडा सदस्यहरू सदस्य र वडा सचिव सदस्य सचिव हुने गरी वडा स्तरीय अनुगमन समिति गठन गरी आयोजनाको अनुगमन तथा सुपरिवेक्षण गर्नु पर्ने हुन्छ।

साथसाथै, आयोजनाको मुल्यांकन गर्न गाउँपालिकाले ५ करोड, नगरपालिकाले १० करोड र उपमहानगरपालिका र महानगरपालिकाले २५ करोड भन्दा बढि लागतका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मुल्यांकन गराउनु पर्ने हुन्छ।

**स्रोत** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

# प्रश्न




# उत्तर

वस्ती तहका योजना छनौट गर्दा सो वस्ती भित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने हुन्छ।

त्यसै गरेर सो प्रकृयामा टोल/वस्ती भित्रका क्रियाशिल संस्थाहरु (टोल विकास संस्था, आमा समुह, बाल क्लव/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समुहहरु) लाई पनि सहभागी गराउनुपर्ने हुन्छ।

वस्ती स्तरबाट आएका योजनाहरु छनौट गर्ने केही मापदण्ड तय गरिएको छ। जस अनुसार; गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनालाई २० अंक, उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनालाई १५ अंक, आमदानी र रोजगार बढ्ने योजनालाई १५ अंक, लागत सहभागिता जुट्ने योजनालाई १५ अंक, स्थानीय श्रोत साधन र सीप प्रयोग हुने योजनालाई १० अंक, समावेशी विकासमा योगदान पुऱ्याउने योजनालाई १० अंक, दिगो विकास र वातावरणीय संरक्षणमा सहयोग गर्ने योजनालाई १० अंक, स्थानीय भाषिक र सांस्कृतिक विकास सम्बन्धि योजनालाई ५ अंक गरी कुल १०० अंकमा बढि अंक प्राप्त गर्ने आयोजनालाई प्राथमिकताक्रम निर्धारण गर्ने प्रावधान छ।

नेपालको संविधानको धारा ४२ अनुसार आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई लक्षित वर्ग मानेको छ।

| श्रोत | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) | नेपालको संविधान २०७२ |
|---|---|---|

# प्रश्न



**ज्वालामुखी, धादिङ**

"के अब हामी वैदेशिक रोजगारीमा जान श्रम स्वीकृतिको लागि काठमाण्डौ जानु पर्दैन ?"

**विदुर, नुवाकोट**

"सरकारले सात ओटै प्रदेशमा श्रम कार्यालय राख्ने भन्ने सुनिन्छ। वास्तवमा यो कार्यालयले के काम गर्छ ?"

# उत्तर

वैदेशिक रोजगारीसंग सम्बन्धित सेवाहरूलाई विकेन्द्रिकृत गरी सरल र सहज रुपमा उपलब्ध गराउने उद्देश्यले नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सात ओटै प्रदेशबाट वैदेशिक रोजगारसँग सम्बन्धित सेवाहरू उपलब्ध गराउने कार्यको थालनि गर्दैछ।

उपरोक्त कार्यालयहरूबाट प्रारम्भिक चरणमा पुनः श्रम स्वीकृति (Re-entry) सेवा प्रदान गर्ने, वैदेशिक रोजगारी सम्बन्धि इजाजत पत्रका संस्थाहरू र तालिम एवं अभिमुखीकरण संस्थाहरूको अनुगमन र नियमन गर्ने, सरोकारवालाहरू विच वैदेशिक रोजगारीको सूचना तथा जानकारी सम्प्रेषण गर्ने एवं गुनासोहरू सुनुवाई गरी सेवा प्रवाहलाई सहजीकरण गर्ने जस्ता कार्यहरू सम्पादन हुनेछन्।

**भोलानाथ गुरागाईं**
निर्देशक (सूचना अधिकारी)
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११८०५६६
००९७७-०१४७८२४५४

# मेरो कथा – अनुभुती र भोगाई



## बुद्धि सागर सुवेदी

### नेपालगञ्ज, बाँके

नेपालगञ्ज उपमहानगरपालिका वडा नं.१२ नयाँ वस्तीमा निर्माण भईसकेका ११ ओटा र निर्माण हुँदैगरेका जम्मा २२ घरधुरीसम्म पुग्ने बाटो थिएन। जग्गाधनिले बाटोको लागि जग्गा छोडेका थिए। बाटो बनाईदिन थुप्रैपटक वडालाई अनुरोध पनि गरेका थिए। तर, त्यसको सुनुवाई भएको थिएन।

गत मंसीर ११ गते सिटिजन हेल्पडेस्कले वडा नं. १२ संगको सहकार्यमा जनप्रतिनिधि र नागरिकको सहभागितामा वडा भित्रका समसामयिक विषयवस्तुलाई केन्द्रमा रहेर छलफलको आयोजना गरिएको थियो। त्यहाँ उपस्थीत नयाँ वस्तीका वासीन्दाको एउटै गुनासो थियो, हामीले सडककोलागि जग्गा पनि छाड्यौ, वडालाई अनुरोध पनि गऱ्यौ तर, अहिले सम्म बाटो बनेन। छलफलकै क्रममा वडा नं. १२ का वडा अध्यक्ष बुद्धि सागर सुवेदीले वडाले सम्पुरक कोषबाट एक लाख रुपैयाँ सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो। छलफलकै क्रममा स्थानीयले नयाँ वस्तीका हरेक घरधुरीबाट दुई हजारका दरले रकम जम्मा गरी बाटो निर्माणको काम अगाडी बढाउने सहमति भयो। उक्त सहमति अनुसार वडाले ८०% र स्थानीयले २०% रकम सहयोग प्रदान गर्ने प्रतिवद्धता गरे।

त्यस पश्चात स्थानीय गिता शाहीको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी स्थानीयबाटै जम्मा गरिएको करिव ५0,000 रकमबाट बाटो निकासा सम्पन्न भईसकेको छ। उपभोक्ता समितिले वडाले छुट्याएको एकलाख रकमबाट एक महिना भित्र सो सडकमा ग्राभेल हाल्ने योजना बनाएको छ।

सरकार र नागरिक बिचको प्रत्यक्ष संबाद हुने हो र एक अर्कालाई राम्ररी सुन्ने हो भने, जनचाहना बमोजिम सरकार/नागरिकको सहकार्यमा जटिल भनिएका कामहरू सहजै सम्पन्न हुन्छन भन्ने उदाहरण वडा नं. १२ ले दिएको छ।

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- गाउपालिका /नगरपालिका आपतकालिन कार्यसंचालन विधि, २०७५ (Link)
- श्रमीकले पाउनु पर्ने न्युनतम ज्याला (Link)
- श्रम अडिट मापदण्ड, २०७५ (Link)
- आर्थिक विधेयक २०७५ (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरु र स्थानीय स्तरमा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन्। २०७५ पौष १ गतेदेखि २०७५ माघ २९ गतेसम्म ८ जिल्लाका करिव १४०० जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

**Accountability Lab द्वारा American Embassy को सहयोगमा प्रकाशित सिटिजन हेल्पडेस्क बुलेटिन।**

accountabilitylab NEPAL

AMERICAN EMBASSY